आज मिति २०७९ साल मंसिर महिनाको २० गते मंगलबारको दिन २:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा आ.ब.०७९/०८० को पाँचौ कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो।

**उपस्थिती**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | कार्यपालिका सदस्य श्री जय थापा मगर (वडा अध्यक्ष, १ नं. वडा) | सदस्य | |
| ४. | कार्यपालिका सदस्य श्री रामचन्द्र क्षेत्री (वडा अध्यक्ष, २ नं. वडा) | सदस्य | |
| ५. | कार्यपालिका सदस्य श्री प्रचण्ड मान सिहँ बस्नेत (वडा अध्यक्ष, ३ नं. वडा) | सदस्य | |
| ६. | कार्यपालिका सदस्य श्री पुष्कर खड्का (वडा अध्यक्ष, ४ नं. वडा) | सदस्य | |
| ७. | कार्यपालिका सदस्य श्री श्याम बहादुर खत्री (वडा अध्यक्ष, ५ नं. वडा) | सदस्य | |
| ८. | कार्यपालिका सदस्य श्री शैलेश मान मानन्धर (वडा अध्यक्ष, ६ नं. वडा) | सदस्य | |
| ९. | कार्यपालिका सदस्य श्री हरि प्रसाद तिमल्सेना (वडा अध्यक्ष, ७ नं. वडा) | सदस्य | |
| १०. | कार्यपालिका सदस्य श्री योश कुमार वाईबा (वडा अध्यक्ष, ८ नं. वडा) | सदस्य | |
| ११. | कार्यपालिका सदस्य श्री अमृका बलामी (वडा अध्यक्ष, ९ नं. वडा) | सदस्य | |
| १२. | कार्यपालिका सदस्य श्री इश्वरी खत्री | सदस्य | |
| १३. | कार्यपालिका सदस्य श्री भानु विश्वकर्मा | सदस्य | |
| १४. | कार्यपालिका सदस्य श्री प्रकाश विसुंखे | सदस्य | |
| १५. | कार्यपालिका सदस्य श्री विद्यालक्ष्मी श्रेष्ठ | सदस्य | |
| १६. | कार्यपालिका सदस्य श्री रमा पहरी | सदस्य | |
| १७. | कार्यपालिका सदस्य श्री लक्ष्मी भण्डारी पौडयाल | सदस्य | |
| १८. | कार्यपालिका सदस्य श्री सुमित्रा विष्ट के.सी. | सदस्य | |
| १९. | कार्यपालिका सदस्य श्री सुरेश बस्याल | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री भोला प्रसाद चापागाई | सचिव | |

**सचिवालय कर्मचारी** :-

१. श्री दिपक कुमार के.सी. (वरिष्ठ शाखा अधिकृत)
२. श्री गणेश गुरुङ (वरिष्ठ लेखा अधिकृत)
३. श्री ननिता खत्री (कानुनी सहजकर्ता)

मिति २०७९/८/१९ गते नगर प्रमुखज्यूबाट मिति २०७९/८/२० गते आ.ब.०७९/०८० को नगर कार्यपालिकाको पाँचौं बैठकमा पेश गर्न आदेश भई नगर कार्यपालिकाको यस बैठकमा छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

| सि.नं. | विषय | निर्णय भएको व्यहोरा |
|---|---|---|
| १. | भु-उपयोग परिषद्को निर्णय अनुमोदन सम्बन्धमा । | • भू-उपयोग ऐन, २०७६ को दफा ४ तथा भूउपयोग नियमावली, २०७९ को नियम ८(अनुसूचि-१) अनुसार स्थानीय भूउपयोग परिषद्बाट मिति २०७९।०८।१८ मा यस नगरपालिका क्षेत्रभित्रका जग्गाहरुको देहायनुसार भएको वर्गीकरण स्वीकृत गर्ने। |

| सि.नं | वडा नं. | बर्गीकृत क्षेत्र | कैफियत |
|---|---|---|---|
| १ | १ | नापी तथा मालपोत विभाग/कार्यालयमा भएको अभिलेख अनुसार सिमसार क्षेत्र, वन क्षेत्र, सार्वजनिक पर्ती जग्गा, तथा गुठी मठ मन्दिरको जग्गा संरक्षण हुने गरी वडा नं १ अन्तर्गतको नेपाल सरकारबाट तोकीएका अन्य क्षेत्र बाहेकको भूमिलाई नेपाल सरकारले तोकेको मापदण्ड अनुसार हुने गरी आवास क्षेत्र अन्तर्गत बर्गीकरण गर्ने । | सर्बदलीय बैठक र वडा समितिको निर्णयानुसार |
| २ | २ | नापी तथा मालपोत विभाग/कार्यालयमा भएको अभिलेख अनुसार सार्वजनिक सम्पदा (मठ,मन्दिर,पोखरी,सार्वजनिक पर्ती जग्गा, विद्यालय भवन) आदीको वरपर नगरपालिकाले तोकेको मापदण्ड बमोजिमको जग्गा वाहेक अन्य सम्पूर्ण जग्गालाई आवास क्षेत्र अन्तरगत बर्गीकरण गर्ने । | वडा समितिको निर्णयानुसार |
| ३ | ३ | १. बढ्दै गएको जनसंख्याको चाप, सहरीकरण, नयाँ वस्ती विकास र वडा नं ३ मा विगत देखि आवासीय प्रयोजनार्थ भएको जग्गाको खण्डिकरणलाई समेत ध्यानमा राखि नापी तथा मालपोत विभाग/कार्यालयमा भएको अभिलेख अनुसार सिमसार क्षेत्र, वन क्षेत्र, सार्वजनिक पर्ती जग्गा, तथा गुठी मठ मन्दिरको जग्गा संरक्षण हुने गरी वडा नं ३ अन्तर्गतको अन्य निश्चित प्रयोजनका लागि तोकिएको क्षेत्र बाहेकको भूमिलाई नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम सहरी विकास क्षेत्र तथा आवास क्षेत्र अन्तरगत बर्गीकरण गर्ने ।<br>२. माथि बुदा नं १ मा उल्लेख भए बाहेक साविक सेतिदेवी गा.वि.स.३(क) को कि.नं.५५, क्षेत्रफल ४२-१२-०-०, कि.नं.५८ वडा समितिको निर्णयानुसार को क्षेत्रफल ५-१४-०-०, ४(क) को कि.नं.१८२ को क्षेत्रफल २४-८-३-०, ४(ख) को कि.नं.३६ को क्षेत्रफल १०-८-०-०, कि.नं.३७ को १-१०-०-०, ५(ग) को कि.नं.२०९ को क्षेत्रफल ५७-८-०-०, कि.नं.२१० को क्षेत्रफल ०-९-०-०, कि.नं.२११ को क्षेत्रफल ४-०-०-०, ६(घ) को कि.नं.६ को क्षेत्रफल ७५-४-०-०, कि.नं.७ को क्षेत्रफल १६-४-०-०, कि.नं.४ को क्षेत्रफल ०-८-०२-०, ६(ङ) को कि.नं.७० को क्षेत्रफल ३-०-०-० र कि.नं.७१ को क्षेत्रफल ४-५-०-० जग्गाहरुलाई साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र अन्तर्गत बर्गीकरण गर्ने । | वडा समितिको निर्णयानुसार |
| ४ | ४ | १. वडा नं. ४ को तपसिल बमोजिमको क्षेत्रलाई भूउपयोग नियमावली, २०७९ को नियम ८ संग सम्वन्धित अनुसूची १ को (ञ) २ अनुसार पर्यटकीय क्षेत्रको रुपमा वर्गीकरण गर्ने ।<br>पूर्व - सल्लाघारी | वडा समितिको निर्णयानुसार |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | पश्चिम - हात्तिवन रिसोर्ट<br>उत्तर - बिसौनी खोल्सा<br>दक्षिण - पुतली पोखरीडोल<br>२. साबिक सोखेल गाविस नक्सा सिट नं. ९/ख (उत्तरमा बालसुधार स्कुल र दक्षिणमा पुरानो ढुंगा खानीबाट उत्तर तर्फको पुरा जग्गा) कृषि क्षेत्रमा वर्गीकरण गर्ने ।<br>३. साबिक सोखेल गा.वि.स. नक्सा सिट नं. ८/ख कि न १५ को ४-१३-०-०, कि नं ८५ को ०-१३-०-० जग्गालाई कृषि क्षेत्रमा वर्गिकरण गर्ने ।<br>४. माथि १ देखि ३ सम्म उल्लेख भए बाहेक नापी तथा मालपोत विभाग/कार्यालयहरुमा भएको अभिलेख अनुसार यस वडामा रहेको सिमसार क्षेत्र, वन क्षेत्र, सार्वजनिक पर्ति जग्गा, गुठी तथा मठमन्दिरको जग्गा, सार्वजनिक जग्गा, खानेपानी मुहान क्षेत्र तथा यस दक्षिणकाली नगरपालिका वडा नं. ४ अन्तरगतको अन्य निश्चित प्रयोजनका लागि तोकिएको क्षेत्र बाहेकको भूमिलाई नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम आवास क्षेत्र अन्तरगत वर्गीकरण गर्ने गर्ने । | |
| | | | ५ | ५ | १. वडा नं ५ अन्तरगत कुँडेली फाँटमा अवस्थित भूमिलाई हाल संचालनमा रहेको खानेपानीको मुख्य लाईन भन्दा तल्लो भाग उत्तर तर्फ नारायण खोला/वडा नं. ३ को सिमाना, पूर्वतर्फ मुख्य पाईप लाईनको सिमाना, दक्षिण तर्फ बोतल हाउस/ वडा नं. ६ को सिमाना र उत्तर पश्चिम तर्फ वडा नं. ५ को तल्लो सिमाना कायम हुने गरि उक्त चार किल्ला भित्रको कित्ता नं. का जग्गाहरु लाई कृषि क्षेत्रमा वर्गीकरण गर्ने । तर साविक शेषनारायण गा.वि.स. वडा नं. ३(क) कि. नं. २४८, २५८ २८५, २९४, २९५, २८५, २७७, १५२ र १५१ को जग्गाहरु र साविक शेषनारायण गा वि स वडा नं. ३ (ख) कि नं ६५, ३२, ३३, ३४, ३५, ११९, १२०, २२, ३६, ४५, ३९, ३८, ३१, १५३ र १५२ को जग्गा आवासीय क्षेत्रमा वर्गीकरण गर्ने ।<br>२. डोल्लु क्षेत्र सवै र सतिखेल क्षेत्र सवै आवासीय क्षेत्रमा वर्गीकरण गर्ने ।<br>३. फर्पिङ बजार साबिक वडा नं. १ र २ का जग्गाहरुलाई व्यावसायिक क्षेत्र अन्तरगत बर्गिकरण गर्ने । | वडा समितिको निर्णयानुसार |
| | | | ६ | ६ | नेपाल सरकार नापी तथा मालपोत विभाग/कार्यालयमा भएको अभिलेखलाई आधार मानी दक्षिणकाली नगरपालिका हाल वडा नं. ६ अन्तर्गतका जग्गाहरुलाई देहायनुसार वर्गीकरण गर्ने ।<br>१. वडा नं. ६ अन्तर्गतका कोटालटोल, कोछुटोल, टिपीटोल, थल्कुटोल, ढेबी, डिकुबहालका जग्गाहरुलाई व्यवसायीक प्रयोजनको जग्गाको रुपमा वर्गीकरण गर्ने ।<br>२. फुलचोक क्षेत्रका तपसिल अनुसार विवरण भएका जग्गाहरु कृषि क्षेत्रमा वर्गीकरण गर्ने र सो बाहेकका सम्पूर्ण जग्गाहरु आवासीय क्षेत्रमा वर्गिकरण गर्ने ।<br>__तपसिल__ | वडा समितिको निर्णयानुसार |

दक्षिणकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय फर्पिङ, काठमाडौं बागमती प्रदेश, नेपाल

भोला प्रसाद दाहाल प्रमुख प्रशासकीय अधिकृत

| क्र. सं. | जग्गाधनीको नाम | फर्पिङ भिमसेनस्थान गा.वि.स.वडा नं. र कि.नं. |
|---|---|---|
| १ | बलराम बलामी | ८(क) कि.नं.३ र ८(ख) कि.नं.४७ |
| २ | धर्मराज बलामी | ८(ग) कि.नं.८८ |
| ३ | राम बहादुर बलामी | ८(ग) कि.नं.४९ |
| ४ | श्याम बहादुर बलामी | ८(ख) कि.नं.६३, २२१ र ८(क) कि.नं.७, १०४, १०६, ८६, ७८, १०३, ८१, ३४, १०७, १५०, ८७ र ८१ |
| ५ | सृजना बलामी | ८(क) कि.नं.१२१ |
| ६ | महेन्द्र राज बलामी | ८(ग) कि.नं.८३ |
| ७ | गोमा बलामी | ८(क), कि.नं.७७ |

७ ७

नेपाल सरकार नापी तथा मालपोत विभाग/कार्यालयमा भएको अभिलेख अनुसार दक्षिणकाली नगरपालिका वडा नं ७ अन्तरगतका जग्गाहरुलाई देहायनुसार वर्गीकरण गर्ने ।

| सि. नं. | जग्गा धनीको नाम | भू-उपयोग बर्गीकरण/ प्रकार |
|---|---|---|
| १ | गोपालेश्वर सामुदायिक वन | वनक्षेत्र |
| २ | साविक फर्पिङ भिमसेनस्थान ७(क) र ६(क) का सम्पूर्ण जग्गाहरु | औद्योगिक क्षेत्र |
| ३ | कोपुगाउँ क्षेत्रमा औधोगिक ग्राम | औद्योगिक क्षेत्र |
| ४ | युटिकि क्षेत्रमा पिपल पाखो | सिमसार क्षेत्र |
| ५ | कोपुगाउँ क्षेत्रमा फलफुल खेती तथा बगैचा | कृषि क्षेत्र |
| ६ | गोपालेश्वर वन क्षेत्र भित्र गणेश मन्दिर, दक्षिण गोदावरी, ब्याग्रह तीर्थ, सूर्य कुण्ड, अर्यालहरुको देवली घर, स्नान घर र गापालेश्वर मन्दिर लगायत उषामैयाँको दरबार | साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र |
| ७ | कोपुघाट क्षेत्रमा दामोदर घाट, देवी मन्दिर, देवीस्थान, नौ कोठेदेवी, भैरव मन्दिर | |
| ८ | भिमसेन मन्दिर, अर्यालहरुको गुठि | |
| ९ | युटिकी क्षेत्रमा भुल्केश्वरी घाट, शिव मन्दिर, कृष्ण प्रणामी मन्दिर | |
| १० | विभिन्न मठ मन्दिर | |
| ११ | माथि सास्कृतिक तथा पुरातात्विक क्षेत्रमा उल्लेखित स्थानका सार्वजनिक चौर र सडकहरु | सार्वजनिक उपयोगको क्षेत्र |
| १२ | गोपालेश्वर वन क्षेत्र भित्र वन क्षेत्र झोलुङ्गे पुल | |

वडा समितिको निर्णयानुसार

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | १३ | गोपालेश्वर वन भित्र पानी टयाङ्की | | |
| | | | | १४ | ईटामाट क्षेत्रमा सार्वजनिक चौर | | |
| | | | | १५ | कोपगाउँ क्षेत्रमा सार्वजनिक क्षेत्र र सडकहरु | | |
| | | | | १६ | कोपुगाउँ क्षेत्रमा स्वीमिङ पुल | | |
| | | | | १७ | कोपुगाउँ क्षेत्रमा बाघ भैरब विद्यालय | | |
| | | | | १८ | युँटिकी क्षेत्रमा गतेरी चरि चरण | | |
| | | | | १९ | युटिकि क्षेत्रमा सार्वजनिक ट्रस | | |
| | | | | २० | युटिकि क्षेत्रमा बाल कुमारी विद्यालय | | |
| | | | | २१ | युटिकि क्षेत्रमा सिचाई कुलो, प्रतिजग्गा, सडकहरु | | |
| | | | | २२ | कोपुगाउँ क्षेत्रको गाई फार्म | | |
| | | | | २३ | साविक फर्पिङ भिमसेनस्थान गा.वि.स.५(ङ) को कोईरी | सिमसार क्षेत्र | |
| | | | | २४ | माथि सि.नं.१ देखि २३ सम्म उल्लेख भए देखि वाहेकका सबै जग्गालाई आवसीय क्षेत्रमा वर्गीकरण गर्ने । | | |
| | | ८ | ८ | | १. यस नगरपालिका वडा नं ८ अन्तर्गत टोपोसिट नं २७८५-०६ सी मा पर्ने १३७४.०० मि उचाईको विन्दु (६२५५००.०० मि पूर्व र ३०५३७५०.०० मि उत्तर) लाई मूल चिन्ह मानी सो बाट पूर्व २५०.०० मि पश्चिम २५०.०० मि उत्तर ०.०० मि र दक्षिण ५००.०० मि जम्मा ०.२५ वर्ग कि.मि. को क्षेत्र तथा साविक छैमले गा.वि.स.वडा नं.१(च), ५(ज) र ४(ञ) को पुरै क्षेत्रलाई खानी तथा खनिज क्षेत्रमा वर्गिकरण गर्ने ।<br>२. माथि सि.नं.१ मा उल्लेख भए देखि बाहेक नेपाल सरकार नापी तथा मालपोत विभाग/कार्यालयमा भएको अभिलेख अनुसार साविकको वन क्षेत्र, नदी, खोला, ताल, सिमसार क्षेत्र, सार्वजनिक उपयोगको क्षेत्र, सौंस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र, नेपाल सरकारबाट आवश्यकतानुसार तोकीएका अन्य क्षेत्र वाहेकका वडा नं. ८ का साविकका वडा नं १ देखि ९ सम्मका सबै जग्गाहरु सबै आवस क्षेत्र अन्तर्गत बर्गिकरण गर्ने । | | वडा समितिको निर्णयानुसार |
| | | ९ | ९ | | नेपाल सरकार नापी तथा मालपोत विभाग/कार्यालयमा भएको अभिलेखलाई आधार मानी दक्षिणकाली नगरपालिका वडा नं. ९ का जग्गाहरुलाई देहायनुसार वर्गीकरण गर्ने ।<br>१. फर्पिङ-टल्कु-हुमाने मुल सडक खण्डको Right of way छोडी १५० मिटर दायाँ बायाँका जग्गाहरुलाई आवास क्षेत्र अन्तर्गत बर्गिकरण गर्ने ।<br>२. सहायक पक्की तथा कच्चि सडक हरुको Right of way छोडी ७५ मिटर दायाँ बायाँका जग्गाहरुलाई आवास क्षेत्र अन्तर्गत बर्गिकरण गर्ने ।<br>३. डाँडीखेल र चौकोटदेवीलाई भूउपयोग नियमावली, २०७९ को नियम ८ संग सम्वन्धित अनुसूची १ को (ञ) २ अनुसार पर्यटकीय क्षेत्रको रुपमा वर्गीकरण गर्ने ।<br>४. खानेपानी मुहान आसपासको क्षेत्रको ५० मिटर दायाँ वायाँ को क्षेत्रलाई कृषि क्षेत्रमा वर्गीकरण | | वडा समितिको निर्णयानुसार |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | गर्ने ।<br>५. माथी बुदा नं. १ देखि ४ सम्म उल्लेख गरिए बाहेकका सम्पूर्ण जग्गालाई कृषि क्षेत्रमा वर्गीकरण गर्ने ।<br>६. साविक टल्कु डुडेचौर गा.वि.स.वडा नं.९(क) को कि.नं.१११ को क्षेत्रफल ०-८-०-० र कि.नं.११३ को क्षेत्रफल ६-३-२-० जग्गालाई आवासिय क्षेत्र अन्तर्गत बर्गीकरण गर्ने । | |
| | | १० | १० | आवासीय जग्गा खण्डीकरण तथा प्लटिङ गर्दा नियामक निकायको स्वीकृति लिई तोकेको मापदण्ड अनुसार मात्र खण्डीकरण गर्नु पर्ने । | |

**२.** दक्षिणकाली न.पा.को उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि संशोधन सम्बन्धमा ।

- यस दक्षिणकाली नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को दफा ७ (५) मा भएको उपभोक्ता समितिको लागत सहभागीता/जनश्रमदान सम्बन्धी व्यवस्थालाई संशोधन गर्नको लागि विधयेक समितिको मिति २०७९/०८/१३ गतेको बैठकबाट निर्णय भई प्राप्त देहाय बमोजिम संशोधन प्रस्तावलाई स्वीकृत गरी कार्यान्वयनमा ल्याउने ।

**संशोधनको व्यहोरा**

| स्वीकृत कार्यविधिको दफा र सोमा भएको व्यवस्था | हाल प्रस्तावित संशोधन गर्नु पर्ने व्यहोरा | | संशोधन गर्नुको कारण |
|---|---|---|---|
| दफा ७(५)<br>आयोजनाको लागत सहभागीतामा श्रमदान १० प्रतिशत हुनेछ । तर उपभोक्ता समिति पूर्ण रुपमा महिलाहरुको मात्र गठन भई योजना संचालन भएमा श्रमदानमा छुट दिईनेछ । | दफा ७(५) आयोजना तथा कार्यक्रम सञ्चालनमा लागत सहभागित देहाय बमोजिम हुनेछ । | | आयोजना तथा कार्यक्रमहरु सञ्चालनमा उपभोक्ता समिति तथा समुहहरुलाई थप जिम्मेवार बनाई स्थानीय तहको साथसाथै उपभोक्ताहरुको पनि लगानीमा वृद्धि गर्न । |
| | **आयोजनाको प्रकृति** | **लागत सहभागिता** | |
| | भौतिक पूर्वाधार निर्माण तथा मर्मत तर्फका आयोजना । | न्यूनतम १५% | |
| | शतप्रतिशत महिलाहरु रहेको उपभोक्ता समितिबाट सञ्चालन हुने भौतिक पूर्वाधार निर्माण तथा मर्मत तर्फका आयोजना । | न्यूनतम ५% | |
| | पुरातात्विक, साँस्कृतिक र ऐतिहासिक महत्वका सम्पदा संरक्षण, मठ मन्दिर, गुम्बा, मस्जिद लगायत धार्मिक संरचना निर्माण र मर्मत सम्भार तर्फका आयोजनाहरु । | न्यूनतम ५% | |
| | लक्षित कार्यक्रम सञ्चालन तर्फ । | न्यूनतम २०% | |
| | लक्षित कार्यक्रमहरुको सञ्चालन दर्तावाला समुह/संस्थाहरुबाट मात्र गराईनेछ । | | |

**३.** कार्यस्थलमा हुने लैङ्गिक तथा यौनजन्य दुर्व्यवहार (निवारण) आचारसंहिता, २०७९ सम्बन्धमा ।

- यस नगरपालिकालाई लैङ्गिक हिंसा एवं यौनजन्य दुर्व्यवहार मुक्त बनाउने अभियानका लागि आवश्यक कार्यस्थलमा हुने लैङ्गिक तथा यौनजन्य दुर्व्यवहार (निवारण) आचारसंहिता, २०७९ स्वीकृतीका लागी विधयेक समितिको मिति २०७९/०८/१३ गतेको निर्णयानुसार मस्यौदा पेश भएकोमा उक्त कार्यस्थलमा हुने लैङ्गिक तथा यौनजन्य दुर्व्यवहार (निवारण) आचारसंहिता, २०७९ लाई स्वीकृत गरी कार्यान्वयनमा ल्याउने ।

प्रशासकीय अधिकृत

४. माग बमोजिमका आयोजना तथा कार्यक्रमहरुमा रकम विनियोजन सम्बन्धमा ।

- विभिन्न मितिहरुमा यस नगरपालिका कार्यालयमा निवेदन पेश भई रकम विनियोजनको लागी माग भएका तपसिल बमोजिमको आयोजना तथा कार्यक्रमहरुमा उपयुक्त शिर्षकबाट निम्नानुसारको बजेट विनियोजन गर्ने ।

तपसिल

| क.सं. | आयोजनाको नाम | आयोजना सञ्चालन हुने स्थान/मागकर्ता | विनियोजित रकम | श्रोत |
|---|---|---|---|---|
| १. | बामनधाम पुजा सञ्चालन | द.न.पा.९ | रु.३०,०००।- | कला तथा सँस्कृति संरक्षण कार्यक्रम |
| २. | श्वेत भैरव गुठी बाजा प्रशिक्षण कार्यक्रम | द.न.पा.९ | रु.१,५०,०००।- | |
| ३. | पञ्चल गणेश बाजा प्रशिक्षण कार्यक्रम | द.न.पा.६ | रु.१,५०,०००।- | |

५. स्रोत सुनिश्चित सम्बन्धमा ।

- चालु आ.ब.०७९/०८० मा तपसिल बमोजिमको संघीय सरकारबाट प्राप्त आयोजनाहरु सञ्चालन गर्न ठेक्का लगाउने र तपसिल बमोजिमका आयोजनाहरुको देहाय बमोजिम लागत अनुमान स्वीकृत गरी साझेदारीको लागी नपुग निम्नानुसारको बजेट नगरपालिकाको आन्तरिक स्रोतबाट बेहोर्ने ।

| क. सं. | योजनाको नाम | लागत अनुमान | स्रोत सुनिश्चित | | नपुग रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | अनुदान | समपुरक कोष | | |
| १ | सतमूल मुहान संरक्षण तथा सरसफाई आयोजना | रु.७६,००,०००।- | रु.६०,००,०००।- | - | रु.१६,००,०००।- | |

गीता प्रसाद धिमिरे
प्रमुख प्रशासकीय अधिकृत